सम्पर्क नं. : ०२५५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा युवा तथा खेलकुद शाखा

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प. स. :-२०७९/०८०
च. नं. :- 3932

मिति: २०७९।१२।३०

**विषयः शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

श्री दुहवी नगरपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरु
दुहवी, सुनसरी ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ४४ मिति २०७९।१२।२६ को पत्रानुसार शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम **"समयमै भर्ना, समयमै ज्ञानः गुणस्तरीय शिक्षा, सबैको अभियान"** भन्ने आदर्श वाक्यका साथ तपसिल बमोजिम गरी विद्यार्थी भर्ना तथा विद्यालय स्वागत कार्यक्रम सञ्चालन गर्नु/ गराउनु हुन अनुरोध छ ।

तपसिलः

१. व्यवस्थापन समितिको बैठकबाट निर्णय गराई कार्यतालिकासहित विद्यार्थी भर्ना कार्यक्रम २०८० वैशाख महिनामा नै सञ्चालन गर्ने,
२. प्र.अ., शिक्षक तथा कर्मचारीको सहकार्यमा अभियान सफल बनाउने साथै एक जना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्मर्क र समन्वयको जिम्मेवारी दिने,
३. भर्ना हुन आउने बालबालिकालाई तत्काल भर्ना गरी स्वागत गर्ने र निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने,
४. विद्यार्थी भर्नाका लागि आफ्नो सेवाक्षेत्रभित्र व्यापक रुपमा प्रचार प्रसार र सूचना गर्ने । यसका लागि नजिकको एफ एम रेडियो, सामाजिक सञ्जाल, स्थानीय मेला पर्व आदिलाई माध्यमको रुपमा प्रयोग गर्ने,
५. कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुले सो तहमा अध्ययनरत विद्यार्थीहरुलाई प्रयोगात्मक कार्यको रुपमा आफ्नो सेवा क्षेत्र भित्र विद्यालय बाहिरका बालबालिकाको लगत संकलन, तिनीहरु विद्यालय बाहिर रहनुको कारण एवं समस्या पहिचान, विद्यालय भर्नाका लागि घरदैलो, सडक नाटक प्रदर्शन जस्ता क्रियाकलापमा परिचालन गर्ने,
६. विद्यार्थी भर्ना एवं अभिभावकत्व ग्रहण गरी भर्ना गर्नेहरुको हकमा सो को समेत अभिलेख व्यवस्थित रुपमा राख्ने र दुहवी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा संप्रेषण गर्ने ।

०७९/१२/३०

विकास घिमिरे
शाखा अधिकृत (शिक्षा)